ललितपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पुल्चोक, ललितपुर, ३ नं प्रदेश, नेपाल


Ref. No.: २५६४ / ०७३/०७४

# PURPP सम्बन्धी प्रेस विज्ञप्ति

मिति: २०७४।०३।२५

ललितपुर महानगपालिकाले महानगरमा अवस्थित मुर्त र अमुर्त साँस्कृतिक सम्पदाको सँरक्षण एवम् सम्वर्धन गरि साँस्कृतिक पर्यटनको अभिवृद्धिलाई प्रोत्साहन दिने उद्देश्यले आ.ब. २०१४/०१५ देखी आरम्भ गरिएको गरिबमुखी शहरी पुनरुत्थान नमुना परियोजना पि.यू.आर.पि.पि(Pro –poor Urban Regeneration Pilot Project ) सँचालन गर्दै आएको छ । जापान सोसल डेभलपमेन्ट फन्डको आर्थिक सहयोग तथा विश्व बैकको प्रशासनिक संलग्नतामा परियोजना नेपाल सरकार शहरी विकास मन्त्रालयबाट परिचालित छ । महानगरका ऐतिहासिक शहरी क्षेत्रका हालका ११,१६ र २० (साविक ललितपुर उपमहानगरपालिका १६, १८ ,२१ र २२) मा परिचालित यस परियोजनाको मूख्य उद्देश्यहरु वडाहरुको गरिब एंव जोखिममा रहेका वासिन्दाहरुको जिवनस्तरमा सुधार गर्नुको साथै एकिकृत शहरी पूनरुत्थान मोडेल (Integrated Urban Regeneration Model ) को संम्भाव्यता प्रदर्शन गर्नु रहेको छ , ताकि यो मोडेल काठमाडौं उपत्यकाका अन्य पुराना ऐतिहासिक क्षेत्रहरुमा पनि अपनाउन सकियोस ।

यस परियोजनाले प्राचिन पाटनढोका देखि विश्वसम्पदामा समावेस भएका पाटन दरबार स्वायर मंगलबजार सम्म पर्यटकहरुको लागि साँस्कृतिक सम्पदा पथयात्रा (Culture Heritage Walk) विकास गर्ने मुलभुत रणनिति अपनाएको छ । गत:आषाढ २२ गते यसै सन्दर्भमा महानगरपालिकामा आयोजित कार्यक्रममा नव निर्वाचित मेयर श्री चिरी बाबु महर्जन ज्यू ,उप मेयर श्रीमती गीता सत्याल ज्यू र अन्य पदाधिकारीहरु एंव परामर्शदाताहरुको उपस्थितिमा पि.यु आर. पि .पि कार्यक्रमका संयोजक श्री प्रविण श्रेष्ठ ज्यूले कार्यक्रमको उद्देश्य र कार्यान्वयन गरिएका विभिन्न गतिबिधिहरु एंव प्रगतिबारे प्रकास पार्नु भयो ।

# ललितपुर महानगरपालिका

## ललितपुर महानगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

पुल्चोक, ललितपुर, ३ नं प्रदेश, नेपाल


Ref. No.:

नगर प्रमुखज्यू ले यस परियोजनाको औचित्यता र सान्दर्भिकता माथि प्रकास पार्दै यस कार्यक्रमका विभिन्न अंगहरुको गुणात्मक कार्यान्वयनमा ध्यान दिई शसक्त रुपमा अगाडि बढाउन सुझाव दिनु भयो । उहाँले आवश्यक्ता अनुसार हाललाई १ बर्षको लागी समयावधि बढाउन पनि पहल गरिने आश्वासन दिनु भयो । उंहाले पर्यटकहरुको सेवा सुबिधालाई ध्यानमा राखि उपयुक्त स्थलहरुमा आवश्यक शौचालयको व्यवस्था गर्नु पर्ने पनि सुझाव दिनु भयो । उप-प्रमुख ज्यूले पनि यस कार्यक्रको सफल कार्यान्वयन गर्नुपर्ने आवश्यक्ता औल्याउदै महानगरका २९ वटै वडाहरुमा कार्यक्रम विस्तृतिकरण गर्नुपर्ने सुझाव दिनु भयो । विशेष रुपमा वहाँले पुराना ऐतिहासिक बस्तीहरु जस्तै :- हरि सिद्धि, बुङमति, खोकना महानगरपालिकामा समावेस भईसकेको हुंदा उक्त स्थानहरुमा पनि यस परियोजनालाई बिस्तार गर्नु पर्ने आवश्यकतालाई औल्याउनु भयो । यसै कार्यक्रममा वडाका अध्यक्षज्यू श्री चन्द्रलाल महर्जनले सम्पदा पदयात्रा (Culture Heritage Walk) लाई ऐतिहासिक एंव धार्मिक महत्व बोकेको पूर्णचण्डि मन्दिर स्थलसम्म बिस्तार गर्नु पर्नेमा जोड दिनु भयो ।

राजु महर्जन

वडा नं. ९ अध्यक्ष एवं प्रवक्ता